पढौं

पलको दैनिकी

२०१७



#talkaboutchildwork

मे १


प्रिय डायरी, अन्तत हामी शहरमा सर्‍यौं । आमा, म र त्रिक्सी मात्र । अब सबैकुरा पहिलेभन्दा राम्रो हुनेवाला छ ।

मेरो कोठा
(यो दृश्य हेर्नुहोस् ।)



मे २

प्रिय डायरी, आज त्रिक्सी र म यो शहरको खोजयात्रामा निस्कियौं । यो बस्ती ठूलो भएकोले कुकुर डोर्‍याउदै पैदल हिडेर छिचोल्न सकिदैन । त्यसैले मेरी आमाको साईकल लिएर यात्रामा निस्कैं । साईकलको सिट निकै माथी छ । तर यसका त्रिक्सीलाई राख्नको लागि सानो डाली पनि छ ।



आमालाई उहाँको जन्मदिनमा उपहार दिनको लागि एक चित्र बनाउ । सायद यो जस्तै । फ्रेमैसहित ।

मे ३

प्रिय डायरी, नयाँ स्कुलमा यो मेरो पहिलो दिन थियो । मध्यान्हको छुट्टीको समयमा मैले फुटबल खेल्न थालैं । तीन गोल गरियो । आर्ट कक्षामा स्टोर्म म्याडमले मैले बनाएको चित्र वास्तवमै राम्रो छ भन्नुभयो अनि सबैलाई देखाउनुभयो । लाजले भुतुक्कै भईने क्या ! एमि वाईनहाउस् मलाई मन पर्छ रे पो । एमी को हुन् ?

आमाको तस्वीर राख्नको लागि फ्रेम भेट्टाएँ ।
४९ यूरो !! पाँच महिनाको पकेट खर्च !
तिनीहरूको खुस्केको छ कि के ? तर पनि यो चाँदीको हो । एकदमै दामी ।

मे ४

प्रिय डायरी ! हामीलाई राजनीतिशास्त्र पढाउने शिक्षिका असल हुनुहुन्छ । उहाँको नाम माया हो । उहाँले हामीलाई पहिलो घण्टीमा पढाउनुहुन्छ । आज हामीले बालअधिकार सम्बन्धि संयुक्त राष्ट्रसंघीय महासन्धिको बारेमा सिक्यौँ । यो सबै देशहरुले मान्नुपर्ने कानुनजस्तै हो । यो महासन्धिका धाराहरुमध्ये मलाई मन परेका धाराहरु चाहि निम्न छन् :

धारा १२ : सबै बालबालिकालाइ आफ्नो बिचार राख्ने अधिकार छ । र बयस्कहरुले "हाम्रो कुरालाई सुन्नु" र गम्भीरतापूर्वक लिनुपर्छ ।

आमालाई भन्नु ।

धारा १७ : बालबालिकाहरुलाई फोन,कम्प्युटर तथा टिभी जस्ता सूचना तथा आमसंचारका माध्यमको प्रयोग गर्न दिईनुपर्छ । त्यसो भएमा जीवनलाई असल बाटोमा लैजान के गर्नुपर्छ भन्ने विषयमा हामी सूसूचित हुनसक्छौँ ।




धारा ३७: बालबालिकाहरुलाई सजाय दिन मनाही छ ।

यसको अर्थ फोन प्रयोगमा निषेध गर्न पाईदैन !

सो महासन्धिमा बालश्रमको बारेमा पनि उल्लेख छ । विद्यालय जानु त कहाँ हो कहाँ, धेरै बालबालिकाहरु थोरै पैसाको लागि वा पैसा नपाइकन पनि कडा श्रम गर्नुपर्ने अवस्थामा छन् । साथै उनीहरुलाई दुर्व्यवहार पनि गरिन्छ । "संसारभरी नै यस्तो हुन्छ," माया को भनाइ छ । छिट्टै नै अर्जेन्टिना भन्ने देशमा यस सम्बन्धमा सम्मेलन हुदैछ र त्यहाँ यस्ता बालबालिकाहरुको संरक्षण कसरी गर्न सकिन्छ भन्ने विषयमा सुझाबहरु दिइनेछ । तर पनि सो सम्मेलनमा बालबालिकाहरु भने निम्त्याईएका छैनन् । तिमी यो कुरा पत्याउँछौ ?

मे ६

प्रिय डायरी, छिमेकमा एकजना केटोले पर्चा बाँड्दैछ । कसरी त्यो काम पाउँछु भनेर मैले पनि सोधेँ । म साह्रै सानो भएकोले काम मिल्दैन रे उसले भनेको । तर पनि यो सप्ताहन्तमा चाहिँ उसलाई सघाउन पाउँछु रे । उसले आफूले पाएको ज्याला मलाई पनि भाग लगाउनेछ । मैले ३० यूरो पाउँछु । यो पैसा र मसँग भएको केही बचतले आमाको जन्मदिनमा फ्रेम किनिदिन पुग्छ ।



मे ७


प्रिय डायरी, आजबाट म पनि बालश्रमिक भएँ । विद्यालयको पढाई सकिए लगत्तै त्यो केटाले मलाई ट्रली र कामको योजना दियो । मैले मेरो छिमेकको काम लगभग सबै सिध्याँए । तेन्ह घर र ३१२ पत्रमञ्जुषा । एक ठाउँमा भने कुकुरले मेरो हात टोक्यो ।

मे ८

सात घण्टामा २९५ घर र ८२५ पत्रमञ्जुषा । त्यसमाथि पानी पनि परिरहेको थियो । म एकदमै थाकेको छु । तर आमा सोच्नुहुन्छ- म फुटबल खेलिरहेको थिए । "मैले भोली विछ्यौनामै आराम गर्नुपर्छ," उहाँले भन्नुभयो ।

मे ९

प्रिय डायरी, आज म सवेरै उठेँ अनि त्रिक्सीलाई पनि साथै लगे । ताकि उसले भुकेर आमालाई नउठाओस । तीन घण्टामा बाँकी रहेका ५०० पर्चा बाँड्नु थियो । एक सय पर्चा चाहि कागज प्रशोधन गर्ने ठाउँमा हुन्याइदिएँ । नभए त कहाँ सकिनु र ? त्यसपछि मैले त्यो केटालाई ट्रली फिर्ता दिए । तर उसले मलाई १५ युरो मात्र दियो र भन्यो, "बाँकी १५ युरो त मेरो कमिसन हो...।" धोकेबाज !



सुपरमायाले बताए अनुसार उनी बालश्रमिकको पक्षमा काम गरिरहेकी छिन् । उनी धेरै भन्दा धेरै बालश्रमिकसँग भेट्न र उनीहरुले के काम गरिरहेका छन् भनेर बुझ्न चाहन्छिन् । साथै सो काम कसरी र किन गरिरहेका छन् भनेर पत्ता लगाउनु पनि उनको उद्देश्य हो ।

यी महत्वपूर्ण प्रश्नहरुको उत्तर प्राप्त गर्नको लागि उनी एक सुपरपावर विधी प्रयोग गर्छिन् :


तपाइँको दिन कसरी बित्छ ? कति समय काम गर्नुहुन्छ ?
विद्यालय कतिवेला जाने, कतिवेला खेल्ने अनि कतिबेला आराम गर्ने ?

सुपरपावर विधि:.....को जीवनमा एक दिन



तपाइँको कामको बारेमा तपाइँलाई मन
परेको कुरा के हो ?
मन नपरेको कुरा के हो ?

सुपरपावर विधि :
शरीर नक्साङ्कन





तपाइँको जीन्दगी अझै राम्रो बनाउन कसले के सहयोग गर्नुपर्छ ?

सुपरपावर विधि : सहयोगका फूलहरु


"अर्जेन्टिनामा हुन लागेको बालश्रमसम्बन्धी विश्व सम्मेलनको लागि प्रतिवेदन बनाउन म यी सूचनाहरु प्रयोग गर्छु । म आफै पनि त्यहाँ सहभागी हुनेछु । यसको अर्थ त्यहाँ उपस्थित धेरै भन्दा धेरै ठूला मानिसहरुले बालश्रमिकका वास्तविक भनाईहरु सुन्नेछन् ।" "यो एकदम राम्रो कुरा हो"- मैले भने । त्यसपछि उनले मलाई सो काममा सहयोग गर्ने चाहना छ कि भनेर सोधिन् । खासमा उनलाई विस्तृत नोट टिपिदिने मान्छे चाहिएको रहेछ । मैले 'हुन्छ' भने । त्यसपछि त्रिक्सीले पुच्छर हल्लाई । सुपरमाया चाहि खुसीले उफ्रिईन् ।





माया को भव्य गाडीमा चढेर हामी केही समयमै दक्षिण अमेरिका पुग्यौँ । त्यहाँ हामीले संसारका सात देशबाट आएका बालश्रमिकहरु भेट्यौँ ।

त्यस्ता बालश्रमिकहरुमध्ये मारिया पनि एक हुन् । उनी १३ बर्षकी भईन् । उनी आफ्ना बा-आमा र पाँच भाईबहिनीको साथ पेरु भन्ने देशमा बस्छिन् । उनको बुबा बिरामी भएकोले काम गर्न सक्नुहुन्न । त्यसैले मारियाले हरेक दिन विद्यालय जानु अघि घरको काम सघाउनुपर्छ भने विद्यालयबाट फर्केपछि उनी फोहोर सङ्कलकको रुपमा काम गर्छिन् । शनिवार त दिनभरिनै काम । उनको कमाईबाट उनको परिवारले चामल र दाल किन्छ ।





अरु बालबालिकाहरूले आफूले काम गर्नुको पछाडी फरक-फरक कारणहरु रहेको बताए । धेरैजसो कारण चाहि यस्ता थिए :

● परिवार वा आमाबुबालाई सहयोग चाहिएकोले, ● परिवार गरिब भएकोले वा परिवारमा अन्य समस्या भएकोले, ● उनीहरु चाहिने सामान आफै किन्न चाहन्छन् वा आत्मनिर्भर वन्न चाहेकोले, ● विद्यालयको शुल्क आफै तिर्न सकियोस भनेर, ● काम गर्न रमाईलो लागेर ● नयाँकुरा सिक्नको लागि र ● भविष्य राम्रो बनाउन ।




पलको डायरी



एसियाका ८ देशका बालबालिकाहरू पनि आफ्नो कामकाजी जीवनको बारेमा हामीलाई बताउन पाउँदा खुसी थिए । भारतका बन्जु तिनीहरुध्ये एक हुन् । १५ बर्षीय उनी हजुरबा र हजुरआमासँग बस्छन् । उनका बाआमा कामको खोजीमा शहर पस्नुभएको छ । बन्जु बिहानीको समयमा हजुरआमालाई घरधन्दामा सहयोग गर्छन् । साथै हरेकदिन विद्यालय छुटेपछि र शनिवारको दिनमा उनी ग्यारेजमा काम गर्छन् । उनी कामबाट एकदम कम पैसा पाउँछन् तर उनले कारको वारेका धेरै कुरा सिक्ने मौका भने पाएका छन् । उनलाई यो काम रमाइलो लाग्छ किनभने उनको मेकानिक बन्ने सपना छ । बन्जु आफूलाई चाहिने पैसा कमाउदा रमाएका पनि छन् । त्यसैले साथीहरुसँग घुम्न जान पनि सक्छन् ।





धेरैजसो बालबालिकाहरू आफ्नो काममा रमाउछन् जब...

● अरु मानिसले मायालु व्यवहार देखाउछन् र सम्मान दिन्छन्, ● उनीहरुले गरेको कामको प्रशंसा गर्छन् र उनीहरुलाई जिम्मेवारी बहन गर्न दिन्छन्, ● जव आफ्नो काममा गर्व गर्ने अवस्था हुन्छ, ● कामबाट आम्दानी हुन्छ, ● कामले जीवनोपयोगी ज्ञान र सीप दिन्छ, ● परिवारलाई सहयोग गर्न र परिवारका सदस्यको साथ रहन पाउँछन्, ● साथी र अग्रजहरुले उनीहरुलाई सहयोग र हेरचाह गर्छन् ।

तर बालबालिकाले आफ्ना काम मन नपराउने कारणहरू पनि छन्



किर्गिस्तान देशकी दाशालाई काममा अरुले झपार्ने गरेको, गाली गरेको र त्यसभन्दा नि बढेर थप नराम्रो व्यबहार गर्ने गरेको मन पर्दैन ।

दाशा १२ बर्षकी भईन् र उनी आमा र दाईसँगै किर्गिस्तानको शहरमा बस्छिन् । उनी बिहानीमा विद्यालय जान्छिन् र दिउँसोमा सडकपेटीमा सामान बेच्छिन् । सडकमै साथीहरुसँग भेट हुन्छ । उनका साथीहरू पनि काम पर्छन् । दाशालाई कापी, कलम र किताब किन्नको लागि पैसा चाहिन्छ । काम गरेर उनले सो पैसा जुटाउछिन् । काम गान्हो छ । हरेक दिन सामान बोकेर पैदलै हिड्नुपर्छ । तर पनि दाशा आफूले गरेको काममा गौरव गर्छिन् किनकि उनकी आमाले एक्लै दुख गरेर पैसा कमाउनुपरेको छैन ।

जहाँ काम गर्ने भएपनि, जे काम गरेपनि बालबालिकाहरू काममा यी कुराहरू भने मन पराउदैनन् :

● गाली गरेको, हपारेको, पिटेको, ● चोटपटक लागेको, दुर्घटना भएको ● खराब कार्यस्थल, धेरै शारिरीक परिश्रम पर्ने काम, धेरै निर्णयहरू गर्नुपर्ने अवस्था, माथिको दबाव, एकदम कम छुट्टी, थोरै पैसा ● दिक्कलाग्दो कामः धेरै मिहिनेत, थोरै उपलब्धि, ● थकान, ● उनीहरूको बारेमा मानिसहरूको नकारात्मक सोचाई, ● एक्लै काम गर्नुपर्ने अवस्था, **ज.** पढाईमा समय दिन नसक्नु ।



अफ्रिकाको केन्या हाम्रो भ्रमणको ११ औं देश थियो । त्यहाँ हामीले धेरै बालबालिकाहरू भेट्यौँ । भेटिएका हरेक बालबालिकाले कुन काम उनीहरुको लागि ठीक छ र कुन छैन भन्ने कुरा बताए । ११ वर्षीय दारियो दुई दाजु र बहिनीको साथमा गाउँको एउटा सानो झुपडीमा बस्छन् । हरेक विहान उनी घरमा पालिएका भेडालाई घाँसदाना गर्छन् र त्यसपछि पैदलै विद्यालय जान्छन् । धन्न विद्यालय टाढा छैन । उनी विद्यार्थी भएकोमा गर्व गर्छन् । विद्यालयबाट फर्किदै गर्दा आफ्नी आमाको लागि केही दाउरा पनि जम्मा गर्छन् । साँझमा गृहकार्य गर्छन् र बेलुकी खाना नखाउन्जेल साथीहरुसँग खेल्छन् । "यो काम मेरो लागि एकदम ठीक छ किनभने काम सजिलो छ र साथीहरुसँग खेल्नको लागि समय पनि पर्याप्त छ", उनले भने ।

बालबालिकालाई कस्तो काम गर्ने वातावरण मान्य हुन्छ भनेर हामीले सोधेका थियौ ? उनीहरुका केही साझा उत्तरहरु यी हुन् :

● काम गर्न सजिलो वातावरण भएको, ● सुरक्षित, ● घरमै वा घरनजिकैको काम ● परिवार र वयस्कहरुको मद्दत पाईने खालको ● सिकाईमा अवरोध नआउने खालको वा पढाई अवरुद्द नहुने, ● आराम गर्न र खेल्नको लागि पर्याप्त समय पुग्ने खालको ।

यी कुराहरु केटा र केटीको सवालमा फरक छ कि एउटै हो ?


कामको सवालमा केटा र केटीलाई एकै कुरा लागू हुन्छ भन्ने कुरा बालबालिकाहरु मान्दैनन् । जस्तो खाना बनाउने, कपडा धुने तथा भाडावर्तन माझ्ने, पानी ल्याउने, भाईवहिनीको हेरबिचार गर्ने, सिलाई-बुनाई तथा कपाल काट्ने जस्ता काम केटीहरुको लागि मान्य छन् भने केटाहरुले चाहि मुख्य रुपमा खेत, गोठ बगैचा र मर्मतको बारेमा उल्लेख गरे ।







दारियो आफ्नो काममा खुसी देखिन्थे । तर फारिदाले फरक जीवन कथा सुनाईन् । उनको परिवार सिरियाको युद्ध छल्न भागेर जोर्डन आएका हुन् । उनका बाआमालाई काम पाउन मुस्किल छ । यहाँ शरणार्थीहरुलाई काम गर्न अनुमति छैन । अवैधानिक नै भएपनि शरणार्थी बालबालिकाहरुलाई भने काम दिईएको छ । उनीहरुले बयस्कभन्दा कम ज्यालामा काम गर्ने र निरीक्षणको बेला तुरुन्त भाग्न सक्ने भएकोले उनीहरुलाई काम दिइएको हो । १५ बर्षकी फारिदा घरकी जेठी छोरी हुन् । त्यसैले पनि उनले आफ्नो परिवारलाई सघाउनुपर्छ । "म हप्ताको ६ दिन खेतमा टमाटर टिप्ने काम गर्छु । तरकारीमा प्रयोग भएको विषादीको कारणले मेरो आँखा सधै दुख्छ । घामले मेरो छाला पनि डढ्छ, " फारिदाको भनाई छ । उनी एकदम दुखी छिन किनकि उनी स्कुल जान पाउँदिनन् र साथीहरुसँग खेल्नको लागि उनीसँग समय पनि छैन ।





हामीले बालबालिकाहरुलाई कस्तो वातावरणमा काम गर्न मन्जुर छैन भनेर सोधेका थियौ । बालबालिकाबाट आएका साझा उत्तरहरु यस्ता थिए :

● काम गर्ने स्थान अस्वस्थ्य र असुरक्षित भएमा वा दुर्घटना तथा चोटपटकको जोखिम भएमा ● उनीहरुको क्षमता भन्दा काम गाह्रो भएमा, कामको अनुपातमा उनीहरु साना र कमजोर भएमा ● काम निषेधित भएको अवस्थामा ● काम जोखिमपूर्ण भएमा ● कामले पढाईमा बाधा पार्ने भएमा ● कम पैसा आउने खालको, पैसा नआउने खालको वा लामो समय काम गर्नुपर्ने प्रकृतिको काम ● धर्म र संस्कारले निषेध गर्ने काम ।



हामी ३६ देश घुम्यौ अनि १,८२२ बालबालिका भेट्यौँ । तिनीहरू सबैको कामको अवस्था र तरिका फरक थियो । धेरैको लागि काम ठीक थियो । उनीहरुले काममा प्रशंसा पाएका थिए, नयाँ कुरा सिकेका थिए र आफ्नो काममा गर्ब गर्न सक्थे । तर बाँकीको लागि काम ठीक थिएन । राम्रो भन्दा नराम्रो पक्ष बढी थियो । काम राम्रो वा नराम्रो हुनुको पछाडी कारणहरू छन् ।


संरक्षणका तत्वहरू जब बालबालिकाहरू...	र जोखिमका तत्वहरू बालबालिकाले ...
- नियमित रुपमा विद्यालय जान्छन् - समूहको सदस्य हुन्छन् - बालबालिकालाई आफूले गर्ने कामको निर्णय लिनमा सहभागी गराईन्छ - बालबालिकाले हल्का काम मात्र गर्नुपर्छ - बालबालिकाले माया पाउछन् - बालबालिकाले हेरबिचार र सहयोग पाउँछन् - उनीहरुका बाआमा काम गर्छन् र आफ्नै देशमा छन् । - शिक्षा र महत्वपूर्ण पूर्वाधारहरुमा लगानी गर्ने देशमा वस्छन् ।	- गन्हौ वा जोखिमपूर्ण काम गर्नुपरेमा - उनीहरुलाई काम गर्न बाध्य पारिएमा - राती काम गर्नुपरेमा - सडकमा काम गर्नुपरेमा - आमाबाबुसँग बस्न नपाएमा - धेरै लामो समयसम्म काम गर्नुपरेमा - असुरक्षित देशमा बस्नुपरेमा - परिवार नै भागेर जानुपरेमा



मे १०

प्रिय डायरी, संसारभरको रोमाञ्चक यात्रा सकेर आफ्नै घर फर्केको छु (आमाको जन्मदिन पारेर) । मैले यो यात्रामा अचम्मका बालबालिका भेटे । उनीहरूले हामीलाई आफ्ना काम देखाए, जीवनबारे बताए अनि 'सहयोगका फूलहरू' पनि प्रदान गरे । फूलको यो अभिवादन र सन्देश संसारभरका ती मानिसहरूको लागि हो जसले बालश्रमिकहरूलाई उनीहरूको जीवन सुधार्नमा सहयोग गर्न सक्छन् ।





विविध र उपयुक्त समाधान

बालबालिका र उनीहरुको परिवार कहाँ र कसरी बसिरहेका छन र बालबालिकाहरु किन काम गर्छन् भन्ने कुरा उनीहरुबाटै बुझ्नु महत्वपूर्ण छ । त्यसपछि मात्र उनीहरु हरेकको जीवन पृथक रहेको यथार्थ हामीले थाहा पाउँछौं । त्यसैले प्रत्येक बालबालिकाको लागि उनीहरूको विविधताको आधारमा उपयुक्त समाधानका कार्यक्रमहरु ल्याईनुपर्छ ।

गरिबी बिरुद्धको लडाई

हरेक घरपरिवारमा सहयोगका कार्यक्रम पुऱ्याउन सरकारले पहिले भन्दा धेरै काम गर्नुपर्छ । सरकारले गरिबी बिरुद्धको लडाइ छेड्नुपर्छ, रोजगारको सिर्जना गर्नुपर्छ र बिरामी वा जागिर नभएका परिवारलाई सहायता गर्नुपर्छ । त्यसपछि बालबालिकहरुले जोखिमपूर्ण अवस्थामा काम गर्नुपर्ने छैन । अनिमात्र उनीहरु विद्यालय जान तथा फुर्सदको समयमा खेल्न पाउँनेछन् ।

बालअधिकारको संवर्धन गर्ने

बालबालिकालाई आफ्नो विचार राख्ने, सुसुचित हुने, सहभागी हुने र भेला हुने अधिकार छ । हरेक व्यक्तिले अझ विशेषगरि गरिब बालबालिकाको विषयमा निर्णय लिने संस्थाहरु जस्तो परिवार, विद्यालय, कार्यस्थल, समुदाय तथा राजनितिक बृत्तले यो कुरा बुझ्नु जरुरी छ । सवैले बालबालिकाको आवाज सुन्नुपर्छ र उनीहरुले उठाएका सवाललाई गम्भीर रुपमा लिनुपर्छ ।

शिक्षामा पहुँच

बालबालिकालाई शिक्षा प्राप्त गर्ने अधिकार छ । शहरमा बस्ने, गाउँमा बस्ने, शरणार्थी वा दूरदराजका, सवै बालबालिकाहरु राम्रो विद्यालय जान पाउनुपर्छ । त्यो पनि निःशुल्क । किशोर-किशोरीहरुले व्यवहारिक काम खोज्न र सिक्न पाउनुपर्छ ।

शोषण रोक्ने

बालबालिकालाई जोखिमपूर्ण र हानी पुऱ्याउने खालको कामबाट बचाउनुपर्छ । उनीहरुको ईच्छाविपरीतका काम, कम ज्याला वा पैसनदिईकन लगाईएको काम वा लामो समयसम्म गनुपर्ने काम तथा बिशेषतः बालबालिकालाई निषेध गरेको काम गर्नबाट बचाईनुपर्छ । यस सम्वन्धमा बनेका कानुन तथा नियमहरुलाई पालना र कार्यान्वयन गरिनुपर्छ ।

बालबालिकालाई हिंसाबाट जोगाउने

बालबालिकालाई हिंसामा पर्नबाट जोगाउनुपर्छ । चाहे परिवारमा होस वा विद्यालयमा, कार्यालयमा होस वा अन्त कतै । बालसंरक्षण प्रणालीको विकास गरिनुपर्छ र सो प्रणाली संचालनको लागि कोषको व्यवस्था पनि गरिनुपर्छ ।

अब त बोलौं !



तपाई को हुनुहुन्छ ? तपाई पनि काम गर्नुहुन्छ ? आफ्नो बारेमा बताउनुहोस् ।

मेरो नाम:

मेरो उमेर:

मेरो काम:


मेरो दैनिकी:

मेरो परिवार:

मेरा साथीसंगी:

मेरो सपना:

'सहयोगको फूल' मा तपाईको काम र जीवन अझ राम्रो बनाउन योगदान दिनसक्ने प्रत्येक व्यक्तिलाई आफ्नो सन्देश लेख्नुहोस् ।





त्रिक्सीको पनि पललाई एक सन्देश छ । 'थ्रो दि स्टिक' खेलौं अनि मेरो ढाडमा कन्याईदेउ, ***हुन्छ ?***

नोट

नोट

अब त बोलौं !

यो अनुसन्धानमा सक्रिय रुपमा सहभागी भएर आफ्ना विचार राखी अनुसन्धान सफल बनाउनु भएकोमा सहभागी सम्पूर्ण बालबालिका र युवाहरुलाई बिशेष धन्यबाद छ । यो अनुसन्धानमा १८२२ बालबालिका र युवाहरु सहभागी हुनुभएको थियो । साथै हाम्रो बालबालिका सल्लाहकार समितिका सबै सदस्यहरु जसले सल्लाहकार, बिश्लेषक र अभियन्ताको भूमिकामा रहेर सहयोग गर्नुभयो, उहाँहरु पनि धन्यबादका पात्र हुनुहुन्छ ।





प्रकाशक
केएनएच जर्मनी
तेरे देस होम्ज इन्टरनेसनल फेडेरेसन

सज्जा र अवधारणा
माननना क्रियटिभब्यूरो, डुसेल्डोर्फ
www.maniana-design.de
सारा-लेना गोबल र ड्यानियल बोले

चित्र
जर्ज पोपोभ्, बर्लिन

कथा
क्रिष्टियन माथ जेरथ, डुसेल्डोफ
सहयोगः आन याकव, केएनएच

सहयोग

Federal Ministry
for Economic Cooperation
and Development

यो बालमैत्री पुस्तिका “ईट्स टाईम टु टक-चिल्ड्रेन्ज भ्यू, चिल्ड्रेन्ज वर्क” (“अब त बोलौँ-बालबालिकाको काम, बालबालिकाको बिचार”) नामक विश्वव्यापी अभियान तथा अनुसन्धान परियोजनाले गरेको प्रकाशनको एक अंश हो । यो पुस्तिका ३६ देशमा श्रमिक बालबालिका तथा युवाहरुसँग गरेको छलफलको आधारमा तयार गरिएको अनुसन्धान प्रतिवेदनमा आधारित छ ।

यो परियोजना र अनुसन्धान प्रतिवेदनको बारेमा थप जानकारीको लागि यो वेबसाईट हेर्नुहोस् ।
www.time-to-talk.info



विस्तृत जानकारीको लागि
हाम्रो मुख्य प्रतिवेदन हेर्नुहोला ।

kinder not hilfe

Terre des Hommes
International Federation